लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय लमही नगरपालिका लमही दाङ लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२

च.नं.:

मितिः२०८१/१०/२८

## सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना ।

## दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/२८

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ अन्तर्गतको नागरिक आरोग्य सेवा केन्द्रको लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने तपसिल बमोजिमको आयुर्वेदिक औषधीहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ १(क) बमोजिम खरिद गर्नुपर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ औ दिन मिति २०८१/११/१२ गते भित्र शिलबन्दी दरभाउपत्र फाराम यस लमही नगरपालिकाको राजस्व शाखामा रु १०००/-(अक्षरेपी रु एक हजार मात्र ।) दस्तुर (फिर्ता नहुने गरी) तिरी खरिद गरी १६ औ दिन मिति २०८१/११/१३ दिनको १२:०० बजे भित्र व्यवसायी दर्ता प्रमाण पत्र नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी सक्नुपर्ने छ र सो समयमा पेश हुन आएका विद्युतीय दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा सोही दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा.बैक लमही ,दाङ धरौटी खाता नं. ४२९०१००३०३००००२ मा जम्मा गरेको बैक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैक ग्यारेन्टी दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

२. सिलबन्दी दरभाउपत्र दाताले लागत अनुमान भन्दा कम अंक कबुल गरेमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(४) बमोजिमको थप रकम कार्य सम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ ।

३. यस कार्यालयले उपलब्ध गराएको BOQ मा उल्लेख भएको आयुर्वेद औषधिको स्पेशिफिकेशन BOQ मा उल्लेख भए बमोजिमको हुनुपर्नेछ ।

४. दरभाउपत्र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन हुनेछ ।

५. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. २०८१/०८२ को लागि भएकोले अषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

६. आयुर्वेद औषधिको म्याद समाप्त हुने हकमा पूर्ण म्यादको कम्तीमा पनि [illegible] प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ र GMP Certified कम्पनीको औषधिहरु हुनुपर्नेछ ।

७. सप्लाई हुने आयुर्वेद औषधिहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङको बाहिर **उत्पादन मिति, Expire Date, ब्याच नम्बर** अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

८. भुक्तानी बिल संगै आयुर्वेद औषधिको **Batch No. र Expiry Date** समेत उल्लेख हुनुपर्नेछ र भौतिक गणना गर्दा बिलमा उल्लेख भएको **Batch No. र Expiry Date** औषधिमा उल्लेख भए अनुरुप मेल खानु पर्नेछ ।

९. आयुर्वेद औषधिमा निःशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ ।

१०. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट गरेको ठाँउमा सही छाप गरेको हुनुपर्नेछ।

११. **दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिनेछ** । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. सिलबन्दी दरभाउपत्र फाराम खरिद कार्य यस लमही नगरपालिकाको राजश्व शाखा बाट हुनेछ । तर सिलबन्दी दरभाउपत्र दाखिला सम्बन्धी कार्य लमही नगरपालिकाको जिन्सी शाखामा मात्र हुनेछ ।

१३. सार्वजिनक खरिद नियमावली,२०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको पेश गर्नुपर्नेछ ।स्वःघोषणा पेश नगरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन ।

१४. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ तथा नियमानुसार हुनेछ ।

१५. आयुर्वेद औषधिको विवरण-

| क्र.सं. | विद्युतीय दरभाउपत्र नं. | सामग्रीको विवरण | फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | सि.आ.औ.१/०८१/०८२ | औषधि खरिद । | १,०००/- | २२,५००/- |

...............................

प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत